जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
*इमेल :* mgnd2070@gmail.com

बर्षः १२, अंकः १६२ पृष्ठः ४ | २०८२ असोज ३१ गते शुक्रबार (Friday 17 Oct. 2025) | मूल्य रु. ५।- | *इमेल :* mgnd2070@gmail.com

# दिगो विकासका लागि ग्रामीण महिलाको सशक्तिकरण आवश्यक’



सिरहा, ३० असोज। सरोकार भएकाहरू दिगो विकासका लागि ग्रामीण महिलाको सशक्तिकरण अपरिहार्य रहेकोमा जोड दिएका छन्। १८औं अन्तरराष्ट्रिय ग्रामीण महिला दिवस तथा ४५औं अन्तराष्ट्रिय खाद्य दिवसको अवसरमा आज यहाँ आयोजित ‘कृषि रूपान्तरणमा ग्रामीण महिला र युवा किसानको योगदान र भूमिका विषयक’ अन्तरक्रियामा सरोकार भएकाहरूले ग्रामीण महिलाको विकासमा सबै लाग्नुपर्नेमा जोड दिएका हुन्।

लहान नगरपालिका र राष्ट्रिय कृषक समूह महासंघ नेपालद्वारा आयोजित संयुक्त कार्यक्रममा प्रमुख अतिथि महासंघका महासचिव महानन्द सापकोटाले सरकारसँग सहकार्य गर्दै किसानको जीवनस्तर महासंघले निरन्तर प्रयास गरिरहेको बताउनुभयो। उहाँले भन्नुभयो, “कृषि, खाद्य सुरक्षा, ग्रामीण विकास तथा गरिबी निवारणमा योगदान दिन र दिगो विकासका लागि आवश्यक वातावरणीय, आर्थिक तथा सामाजिक परिवर्तन ल्याउन ग्रामीण महिलाको सशक्तिकरण अत्यावश्यक छ।”

महासचिव सापकोटाले संरक्षण परियोजनाअन्तर्गत देशभर ४८० स्थानीय तह, ७० जिल्ला र सातै प्रदेशमा ग्रामीण महिला समूह गठन गरी उत्पादन र आम्दानीमा आत्मनिर्भर बनाउन सहयोग गरिरहेको बताउनुभयो। महासंघका केन्द्रीय निर्देशक केदार कोइरालाले सामुदायिक वनसँग समन्वय गर्दै संरक्षण परियोजना अन्तर्गत कृषि र वातावरण सुधारमा गरिएका कार्यको जानकारी दिनुभयो। स्थानीय महिला अगुवा विनिता चौधरीले जल, जङ्गल र जमिनको संरक्षण गर्दै पशुपालन, माछापालन र कृषि उत्पादनमार्फत महिलालाई आत्मनिर्भर बनाउन सहयोग मिलेको अनुभव सुनाउनुभयो।

कोइरालो खोला सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष रुद्रनारायण चौधरीले सिमसार क्षेत्रको संरक्षणसँगै वातावरण सुधारमा महिलाको सक्रिय भूमिका रहेको बताउनुभयो। लहान-१५ का वडाध्यक्ष तेजनारायण चौधरीले ग्रामीण महिलाको आर्थिक सशक्तिकरणका लागि वडाले विभिन्न संघ-संस्थासँग सहकार्य गरिरहेको जानकारी दिनुभयो। डिभिजन वन कार्यालय लहानका सूचना अधिकारी राधेश्याम चौधरीले महिलाले सामुदायिक वनबाट उत्पादन हुने हस्तकलाका सामग्रीमार्फत आम्दानी गर्न थालेको उल्लेख गर्दै संरक्षण र जीविकोपार्जनमा उनीहरूको भूमिका प्रशंसनीय रहेको बताउनुभयो।

कार्यक्रममा सन् २०२५ को नाराअनुसार ‘महिला किशोरीहरूको लागि अधिकार, समानता र सशक्तिकरण’ लाई व्यवहारमा उतार्नुपर्ने आवश्यकता औँल्याइएको थियो।

# सिरहामा करेन्ट लागेर एक युवकको मत्यु

सिरहा, ३० असोज। सिरहाका विद्युतिय करेन्ट लागेर आज विहिवार अपरान्ह एक युवकको मृत्यु भएको छ। जिल्लाको नरहा गाउँपालिका ५ बलुवा चौकमा पण्डाल खोल्ने क्रममा करेन्ट लागेर विष्णुर गाउँपलिका २ का इन्द्रजित यादवको मृत्यु भएको हो। बलुवा चौकमा आशुतोष महाराजको भावत तथा भण्डारामा लगाएको पण्डाल खोल्ने क्रममा ३३ किलोवाडको विद्युतिय लाईनमा करेन्ट लागेर मृत्यु भएको वडा अध्यक्ष हुकुमदेव यादवले जानकारी दिए। उनले पण्डार सोही लाईनको तल बनाइएको रहेछ, कपडा खोलेर बाँस खोल्ने क्रममा एक्कासी करेन्ट लागेको आफूले जानकारी पाएको बताए।

पछिल्ला दिनहरुमा

**-बाँकी दुई पेजमा**

# खैरो हिरोइनसहित यात्रुवाहक बसबाट एकजना पक्राउ

सिरहा, ३० असोज। सिरहाको कर्जन्हा नगरपालिका बन्दीपुरबाट प्रहरीले यात्रुवाहक बसमा यात्रा गरिरहेका एक व्यक्तिलाई प्रतिबन्धित लागुऔषध खैरो हिरोइनजस्तो पदार्थसहित पक्राउ गरेको छ। गोप्य सूचनाको आधारमा मिर्चैया र बन्दीपुरस्थित इलाका प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले विराटनगरबाट वीरगँजतर्फ जाँदै गरेको यात्रुवाहक बसमा यात्रा गरिरहेका यात्रुलाई खैरो हिरोइनजस्तो पदार्थसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ।

पक्राउ पर्नेमा बर्दिया जिल्लाको बारबर्दिया नगरपालिका-५ का करिब ३४ वर्षीय रामकुमार चौधरी रहेको सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। प्रहरीलाई प्राप्त सूचनाअनुसार बस रोकेर चेकजाँच गर्दा चौधरीको साथबाट प्लास्टिकसमेत ६.११० ग्राम खैरो हिरोइनजस्तो देखिने पदार्थ बरामद भएपछि तत्काल पक्राउ गरी मिर्चैया प्रहरीमा राखेर थप अनुसन्धान गरिरहेको उनले बताए। प्रहरीले बसको नम्बर भने खुलाएको छैन।

**करिब तीन क्विन्टल गाँजा बरामद**

प्रहरीले पछिल्लो एक साताको अवधिमा जिल्लाका विभिन्न ठाउँबाट दुई क्विन्टल ८४ किलो गाँजा र २१.११० ग्राम खैरो हिरोइनजस्तो पदार्थसहित एक भारतीयसहित तीनजनालाई पक्राउ गरेको छ। प्रहरीले पाँच दिनअघि गोलबजार- ६ बाट

**-बाँकी दुई पेजमा**




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## खाद्य गुणस्तरमा ध्यान दिऔं।

- सफा र सुरक्षित खानेकुरा मात्र किनौं,
- मिसावट भएको खाद्य सामग्री नबेचौं र नकिनौं,
- खाद्य सामग्रीमा कुनै रासायनिक पदार्थ वा हानिकारक तत्व नमिसाऔं,
- म्याद समाप्त भएको खानेकुरा सेवन नगरौं,
- खाद्यान्न भण्डारण देखि पकाउने भाँडा समेतमा उचित ध्यान पुऱ्याऔं,
- ताजा फलफूल र तरकारी खाने बानी बसाऔं, अत्यधिक नुन, तेल, चिनी र पिरो खाने नगरौं, खाद्य सामग्री सही तापक्रममा भण्डारण गरौं,

**स्वस्थ जीवनका लागि गुणस्तरीय खाना खाऔं !**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## रुग्ण आयोजनामा ठेक्का तोड्न सुरु

सरकारले अलपत्र पारिएका आयोजनाहरूको ठेक्का तोड्न सुरु गरेको छ। बबई सिँचाइ आयोजनाले बिहीवार प्रकाशित सूचनाअनुसार ६ वटा ठेक्का सम्झौता तोड्ने प्रक्रिया सुरु गरिएको देखिन्छ। करिब ६ वर्षअगाडि ठेक्का दिइएको भए पनि काम हुन नसकेपछि तोड्न लागिएको हो। केही दिन पहिले ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्री कुलमान घिसिङले ठेक्का लिएर वर्षौं अलपत्र पार्ने ठेकेदारहरूको ठेक्का तोड्न मातहतका कर्मचारीलाई निर्देशन दिएका थिए। अहिलेसम्म निदाएका बबई सिँचाइ आयोजना हाकिम मन्त्रीको निर्देशनपछि बिउँझिएका हुन् कि ?

आयोजना यसरी अलपत्र छाड्नुभन्दा ठेक्का तोडेर फरफारक गर्नु नै राम्रो हो। तर, ठेक्का तोडिए पनि आयोजना सम्पन्न हुने उपायसमेत सँगै गर्न सकेको भए अझ उत्तम हुनेथियो। नत्र, फेरि पनि ठेक्का हात पार्ने, परिचालन खर्च लिने र आयोजना अलपत्रै छाड्ने दुश्चक्र टुट्नेछैन। विगतमा पनि यस्ता घटना देखिएकै हुन्। सबैलाई थाहै छ आयोजना अलपत्र पर्नुमा ठेकेदारहरूमात्रै दोषी हुँदैनन्। प्राकृतिक वा मानवीय प्रकोप, शान्ति सुरक्षाको अभावसरकारी कर्मचारी र प्रचलित नियमकानुनलगायतका कारण पनि कतिपय अवस्थामा काम रोकिन पुग्छ। अर्थात्, एउटा ठेकेदार हटाएर अर्को ठेक्का लगाउनुमात्रले आयोजना सम्पन्न हुने सुनिचित हुँदैन।

ठेक्कापट्टासम्बन्धी कानुन र कार्यविधि दुवै अनुदार मानसिकताबाट निर्माण गरिएको छ। न्यूनतम अंक कबोल गर्नेलाई जति नै अविश्वसनीय भए नपनि ठेक्का नदिने हो भने अख्तियार दुरुपयोगको मुद्दा लाग्न सक्छ। यस्तै, इमानदार ठेकेदारले उचित रकममा ठेक्का कबोल्दा पनि तलदेखि माथिसम्मु नजराना टक्राउन नसके उसले पाउनुसम्म हन्डर पाउँछ। आयोजना र विभागका हाकिमहरूबीचको मनमुटावका कारण पनि कतिपय अवस्थामा ठेकेदार नै पीडित हुनपुग्छ। हाकिमहरूको खिचातानीमा परेर दुःख पाउनुभन्दा दुवैतिर नजराना टक्राउन ठेकेदार तयार नभई सुखै पाउँदैन। यसको क्षतिपूर्तिका लागि कि त निर्माणको गुणस्तरमा सम्झौता गर्छ कि आयोजना अलपत्र छाड्छ।

यसैले ठेक्का तोड्नु सही दिशामा एउटा कदम त हुनसक्छ तर त्यत्तिले आयोजना सम्पन्न हुनसक्तैन। ठेक्कै तोड्नुपर्ने गरी रुग्ण हुन पुग्नुभन्दा पहिले सम्बन्धित कर्मचारीले नियमको राम्ररी पालना गरेको भए सम्भवतः कुनै आयोजना पनि ६ वर्षसम्म अलपत्र पर्ने थिएन। ठेक्का तोडेर धरौटी जफत तथा कालोसूचीमा राखिँदा ठेकेदारले त सजाय पाउला तर आयोजनालाई त्यस अवस्थामा पुर्‍याउने कर्मचारीहरू भने त्पानीमाथि ओभानो नै रहनेछन्। यसैले अर्को ठेक्का लगाउनुभन्दा पहिले नै जिम्मेवार कर्मचारीलाई पनि उपयुक्त कारबाही गर्नु न्यायोचित हुनेछ।

यस्तै, घटाघटमा ठेक्का दिने र लगत अनुमानको ७० प्रतिशतमा ठेक्का लिने अनि तलदेखि माथिसम्म मात्र होइन स्थानीय बाहुबलीहरूलाई समेत नजरानु दिएर खुसी पार्न कसरी सम्भव हुन्छ ? कतै अहिले लगतअनुमानमै यो सबै रकम समावेश गरेर राज्यलाई दुहुने सजिलो र 'वैध' बाटो त बनाइएको छैन ?

अहिलेको सरकारले ठेक्का तोड्न त भ्याउला तर नयाँ ठेक्कापट्टामा लाग्ने समय पक्कै पाउँदैन। प्रधानमन्त्रीले पटकपटक ६ महिनाभित्र निर्वाचन गराएर सरकारबाट बिदा लिने वाचा दोहोऱ्याई रहेकी जो छन्। यसैले लथालिङ्ग हुनेगरी भत्काउनुभन्दा पहिले नै अर्को व्यवस्था गर्ने विषयमा पनि सोच्नु जरुरी देखिन्छ।

### खैरो हिरोइनसहित ...

गोलबजार र धनगढीमाईका दुई युवकलाई प्लास्टिकबाहेक १५ ग्राम खैरो हिरोइनसहित पक्राउ गरेको थियो।

नेपालबाट गाँजा बोकेर भारततर्फ जाँदै गरेका बिहार राज्यको मधुबनी जिल्ला जयनगर थाना बेलही ग्राम पञ्चायत– ६, बेला घर भएका भारतीय नागरिक करिब ५५ वर्षीय श्रीचन मण्डललाई करिब ६४.९ किलो गाँजासहित पक्राउ गरेको थियो। त्यस्तै, सशस्त्र प्रहरी बल नेपालको सीमा सुरक्षा गुल्म इनर्वाबाट खटिएको सशस्त्र प्रहरी टोलीले भगवानपुर गाउँपालिका– २ स्थित बलान खोला किनारको काँसघारीमा लुकाएर राखेको अवस्थामा २४ असोजको बिहान दुई क्विन्टल १९ किलो प्रतिबन्धित गाँजा बरामद गरेको थियो।

### *सिरहामा करेन्ट ...*

असावधानीका कारण करन्ट लागेर मृत्युहुनेको संख्या दिनानुदिन बढ्दै गएको छ। शव पोष्टमार्टमको लागि प्रादशिक अस्पताल सिरहामा राखीएको छ प्रहरीले घटनाको बारेमा थप अनुसन्धान गरिरहेको जनाएको छ।

# 'देउवा समयले साथ दिएका तर क्षमता नभएका महत्वाकांक्षी नेता'

प्रश्न गर्न दिएन भने मास बेस्ड पार्टी सकिन्छ। क्याडर बेस्ड अथवा कार्यकर्तामा आधारित पार्टीमा प्रश्न गर्न दियो भने नेतृत्व जोखिममा पर्छ। अन्ततः नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा सक्रिय राजनीतिबाट बाहिरिने निर्णयमा पुगेका छन्। उनको निर्णयले कांग्रेस र अरू प्रतिस्पर्धी दलहरूमा कस्तो प्रभाव पर्ला ? यो बहिर्गमन उको इच्छाको निर्णय हो कि बाध्यताको ? राजनीतिक विश्लेषक सीके लालले गर्दै देउवाको राजनीतिक करियरको समीक्षा गर्ने प्रयास गरेका छन्। प्रस्तुत छ, विश्लेषक लालसँगको सुदर्शन खतिवडाले गरेको कुराकानी :



सीके लाल
राजनीतिक विश्लेषक

**कम्युनिष्ट नेताहरू टसमस नरहेको बेला कांग्रेस सभापति देउवा कार्यकारी भूमिकाबाट बाहिरिए। यसलाई कसरी लिनुभएको छ ?**

यो राजनीतिक संस्कृति अनुकूल नै हो। प्रजातान्त्रिक व्यवस्थामा नेतृत्वले आफ्नो स्वीकार्यता गुमाएपछि आदरका साथ छोडिदिने प्रचलन छ। त्यसमा त कुनै अस्वाभाविक लाग्दैन। कम्युनिष्ट पार्टीहरूमा सामान्यतया अध्यक्षको पद आजीवन हुन्छ त्यसैले त्यो पनि आश्चर्यको कुरा होइन।

**देउवाले आन्दोलन र युवाहरूको आवाज सुने भन्ने कि बाध्यता परेरै छोडे भन्ने?**

आवाज सुनेको कुरा म चाहिँ पत्याउन तयार छैन। किनभने यस्तो किसिमको आवाजहरू त पहिलेदेखि नै आइरहेका थिए नि ! बाध्यताले गर्दा नै छोडेका हुन्। उनले देखे कि अब यो पदमा रहेर मैले गर्न सक्ने कामहरू गर्ने ठाउँ छैन। त्यही भएर आलोचना खेपेर बस्नुभन्दा बरू इज्जत साथ छोड्नु नै राम्रो हुन्छ भनेर छोडेका हुन्। बाध्यताको निर्णय हो यो। इच्छाको निर्णय होइन।


**लामो लोकतान्त्रिक आन्दोलनको नेतृत्व गरेको नेताले पिटाई नै खाएर अलि बाध्यतावश छोड्नु पर्ने अवस्था कसरी आयो? यसका लागि उनी आफै कति जिम्मेवार होलान् यस्तो बहिर्गमनको लागि?**

व्यक्तिलाई जिम्मेवार बनाउनु भन्दा अगाडि राजनीतिमा परिस्थितिलाई हेर्नुपर्ने हुन्छ। शेरबहादुर देउवाले विद्यार्थी राजनीति गरेका हुन् तर राष्ट्रिय राजनीतिमा त उनलाई गिरिजाप्रसाद कोइराला र कृष्णप्रसाद भट्टराईको प्रयत्नले स्थापित गरिएको हो नि ! उनले नेपाली कांग्रेसको संगठनमा खासै भूमिका निभाएका होइनन्। अलि–अलि संगठनमा लागेका थिए जब उनले कांग्रेस फुटाएर नेपाली कांग्रेस प्रजातान्त्रिक बनाए तर त्यसबेला पनि संगठन हेर्ने संगठनमै काम गरेको विमलेन्द्र निधि थिए। उनले संगठनमा काम गरेका होइनन्।

उनी राष्ट्रिय स्तरका नेता हुन्। जमिनी तहबाट उक्लिएका नेता होइनन्। त्यसैले उनलाई नेपाली कांग्रेसको संगठनसँग जानकारी कम छ। उनी अपेक्षाको राजनीति यो भएपछि म यो हुन्छ भन्ने किसिमको राजनीति गरेको मान्छे हुन्। म यो भएपछि यो गर्छु भनेर भएका राजनीतिकर्मी होइनन् शेरबहादुर देउवा।

**सक्रिय राजनीतिमा रहिरहेका भए उनको सान्दर्भिकता कति बाँकी रहन्थ्यो ? उनले कांग्रेसलाई नयाँ सन्दर्भमा कुनै नयाँ दिशा अथवा गति दिन सक्दैनथे ?**

एक हिसाबले भन्ने हो भने हो। के भइदियो भने, संगठनमा ध्यान नदिएको हुनाले नेपाली कांग्रेस अहिले अटो पाइलटमा चलेको पार्टी जस्तो छ। त्यसैले त्यो नेतृत्वमा उनी हुनु र नहुनुले अहिले तत्कालै फरक त परिहाल्दैन। तर एउटा चाहिँ के हुन्छ भने अझै पनि सायद उनमा पूरै पदको भोक गई नै सकेको देखिँदैन। बाध्यतामा उनले सक्रिय राजनीतिबाट अवकाश लिएको घोषणा गरेको जस्तो देखिए पनि संगठन बलियो नभएको हुनाले अहिलेका कार्यवाहक अध्यक्ष त उनकै शिष्य भइहाले, पछि हुने कार्यवाहक अध्यक्षको जुन प्रतिस्पर्धा हुन्छ त्यसमा पनि उनको प्रभाव कस्तो रहन्छ भनेर हेर्न बाँकी छ। किनभने नेपाली कांग्रेसको संगठन त असाध्यै कमजोर भइसकेको अवस्था छ।



**यो पात्र बदल्दैमा प्रवृत्ति त नबदलिएला। राजनीतिक संस्कार त उही हो। अब पुस्तान्तरण र आन्तरिक लोकतन्त्र सबल बनाउन उनको भूमिका कस्तो होला ?**

त्यो कठिन लाग्छ, तीनटा कारणले। पहिलो, अहिलेको दुई दिने आन्दोलनलाई छोडिदिने हो भने नेपालको नयाँ पुस्ता राजनीति निरपेक्ष हुँदै गएको छ। किनभने यो पानी जमेको फोहोर पोखरी जस्तो भयो डुङडुङ गन्हाउने। यसमा को पौडी खेल्न जान्छ भने छवि निर्माण भएको छ, त्यसले नयाँ पुस्तालाई आकर्षित गर्न कठिन छ। दोस्रो, यो सामाजिक परिस्थिति भयो। राजनीतिक रुपमा हेर्ने हो भने नेपाली कांग्रेसले नयाँ केही विचारै दिन सकेको छैन। नेपाली कांग्रेसमा तीनपटक विचार आएको थियो। पहिलो, ७० को दशकमा राजासँग घाँटी जोडिएको बीपी कोइरालाको। दोस्रो, कम्युनिस्टसँग सहकार्य गर्ने भन्ने गणेशमान सिंहको। तेस्रो, माओवादीहरूलाई साथ लिएर भए पनि अब राजासँगको यात्रा सकियो भन्ने गिरिजाप्रसाद कोइरालाको।

**यो तीनटै विचार पूर्णतः सत्ता केन्द्रित हो। अर्थराजनीतिक विचार के हो? सामाजिक विचार के हो? भविष्यप्रतिको धारणा के हो? अहिलेको मुद्दाहरू– जलवायु परिवर्तन को कुरा के हो? गरिबी न्यूनीकरणका उपायहरू के हुन सक्छन?**

यस्तो किसिमको कुनै अर्थराजनीतिक अवधारणा नेपाली कांग्रेसमा नआएको युगौं भइसकेको छ। युवा खाली व्यक्तिको पछाडि कुदेर आउने भन्ने चाकरी प्रवृत्तिका मात्रै हुन्छन्। तिनलाई नयाँ विचार दिन सक्नुपछी त्यो विचारको अभावले गर्दा उसै पनि नेपाली कांग्रेस कमजोर, त्यसमा झन् शेरबहादुर बहादुर देउवा त विचार शून्यतालाई नै राजनीतिको मञ्च बनाएको बेला उनले कति आकर्षित गर्न सक्लान् नवयुवाहरुलाई ? त्यो शंकास्पद छ। प्रोत्साहन पनि गर्न सक्दैनन् खासै।

**उनको बहिर्गमनपछि यो वैचारिक रिक्ततालाई पूर्णता दिन सक्ने नयाँ नेतृत्व आउने सम्भावना देख्नु भएको छ ?**

अहिले तत्काल शून्यताको अवस्था छ तर शून्यताको अवस्था खाली रहँदैन। जबसम्म नेपाली कांग्रेसमा अरू पेशामा लागेका केही व्यक्तिहरू अथवा समाजमा नाम कमाएका व्यक्तिहरु ल्याटरल इन्ट्री हुँदैन अथवा तलबाट दबाब बढ्दैन, तबसम्म त्यस्तो विचार आउने सम्भावना देखिँदैन।

**वैचारिक शून्यता मात्र हैन अहिले त एकप्रकारले राजनीतिक नेतृत्व शून्यता जस्तो पनि देखिन्छ ?**

अहिले त अहिलेको अवस्थामा त राजनीतिक नेतृत्व शून्यता, संगठन पनि भताभुंग भएको अवस्था छ। सबै ठाउँमा कार्यालय जल्नु भनेको र कार्यकर्ता गएर घेर्न नसक्ने अवस्था त संगठन कहाँ गइसकेको छ भनेको हो नि त ! कुनै बेला त गोली थाप्न जान्थे नि नेपाली कांग्रेसका कार्यकर्ता। अहिले आफ्नो कार्यालय जल्दा जोगाउनलाई हातेमालो गर्नसम्म नपुग्ने अवस्था त संगठन भताभुंग भएको योभन्दा ठूलो प्रमाण कहाँ खोज्न जाने हो?

यही शून्यताको बीच एउटा स्थापित नेतृत्वको बहिर्गमन भएको छ। अब पार्टी कार्यवाहकको भरमा चल्ने, देशका मूल मुद्दामा कांग्रेस थप विभाजित हुने जोखिम कतिको देख्नुहुन्छ?

असाध्यै जोखिम छ किनभने कांग्रेस ओरालोमा छ। ओरालोमा कसैले धकेलेर तल पुर्‍याउनुपर्दैन। आफै त्यो तल गइरहेको हुन्छ। त्यसलाई रोक्ने शक्ति खोइ त ? नेपाली कांग्रेसले अहिले त्यो खोज्नु पर्छ। माथि पुऱ्याउनु परको कुरा भो, पहिले ओरालोबाट समथरमा ल्याइपुऱ्याउने शक्ति नै नेपाली कांग्रेसमा अहिले देखिराखिएको छैन।

**देउवाको यो निर्णयले अरू पार्टीहरू खासगरी देशका दुइटा ठूला कम्युनिस्ट पार्टीहरुमा कस्तो सन्देश जाला ?**

वर्ग शत्रु मान्ने कांग्रेसलाई कम्युनिस्ट पार्टी के सिक्लान् र ? उनीहरूको भाषामा त कांग्रेस भनेको बुर्जुवा पार्टी हो। बुर्जुवा पार्टीमा यसरी नै हुन्छ। हामी भनेको त एकदम सर्वहारा वर्गको क्रान्तिकारी पार्टी हौं। क्रान्तिकारी पार्टीमा युद्धमा रहेको बेला नेतृत्व फेर्नु हुँदैन। युद्धको मैदानमा नेतृत्व फेरिँदैन। हामी अझै पनि युद्धको मैदानमा संघर्ष गरिरहेका छौं। यो बेला नेतृत्व फेर्नु हुँदैन भन्ने कुरा त देखिहालियो नि त [

**उनीहरूले भन्ने गरेको एउटा बुर्जुवा नेतृत्वले पनि देखाएको**

**–बाँकी तीन पेजमा**

## ‘देउवा समयले ...

**न्यूनतम राजनीतिक संस्कारबाट आफूलाई अब्बल वैचारिक नेता भन्ने कम्युनिस्ट नेताहरूले केही नसिक्लान् र ?**

कम्युनिस्टको वैचारिकता के हो त्यो हेर्नु पर्छ। बुर्जुवा वैचारिकता अलिकति वृद्ध भएपछि सरसल्लाह दिने हो। अनि वयस्कलाई नेतृत्व दिनुपर्छ। युवाहरू कार्यकर्ता हुनुपर्छ। यो बुर्जुवा मान्यता हो। सर्वहारा मान्यतामा युवाहरू भनेको लडाका हुन्, वयस्क भनेको सिकारु हुन्। तर यो नेतृत्व वा कमान्डर सबभन्दा अनुभवीलाई दिनुपर्छ। लेनिन, स्टालीन हुन् वा माओ, कि त पूरै अर्थराजनीतिक परिवर्तन भयो भने बाध्य भएर छोड्नु पर्ने कुरा बेग्लै हो। स्वेच्छाले कम्युनिस्ट राजनीतिमा पद छोड्नु भनेको पूरै परिदृश्यबाट गायब हुनु हो। गायब हुने चाहना सामान्यतयाः नेतृत्वमा हुँदैन।

**कांग्रेसमा त आन्दोलनको बाह्य दबाबसँगै पार्टीभित्रै पनि प्रश्नकर्ता छन्। उनीहरुले हस्ताक्षर अभियान नै चलाए। तर कम्युनिस्ट पार्टीमा त त्यस्तो प्रश्न गरेर नेतृत्वको आलोचना र विकल्प खोज्ने अभ्यास देखिएन। त्यसैले पनि सहज भएको होला नि टिकिराख्न ?**

त्यही हो। राजनीतिक भाषामा भन्ने हो भने मास बेस्ड अथवा आम समर्थनमा आधारित पार्टीमा हरेक किसिमको मान्छे हुन्छ। प्रश्न गर्न दिएन भने मास बेस्ड पार्टी सकिन्छ। क्याडर बेस्ड अथवा कार्यकर्तामा आधारित पार्टीमा प्रश्न गर्न दियो भने नेतृत्व जोखिममा पर्छ। यो वैचारिक भिन्नता नै हेर्नु पर्ने हुन्छ। त्यसैले क्याडर बेस्ड पार्टीहरूमा सामान्यतयाः नेतृत्वलाई प्रश्न गर्नु भनेको पार्टीलाई नै प्रश्नको घेरामा राख्नु हो।

**अन्त्यमा, देउवाको राजनीतिक करियरलाई कसरी समीक्षा गर्नुहुन्छ?**

म उनको ठूलो प्रशंसक होइन। सन् १९९० सम्म पञ्चायतकालमा एउटा कार्यकर्ताको रूपले उनले निभाएको भूमिका एक हदसम्म त्यतिबेलाको समयको लागि उपयुक्त थियो। तर त्यसपछि सन् १९९० पछि गृहमन्त्री हुँदा गोलीको आँखा हुँदैन भने वक्तव्य दिने त उनी नै हुन्। त्यसपछि गोर्खाली राजाबाट न्याय पाए भन्ने उनी नै हुन्। त्यो सेनाले संकटकाल नलगाए हामी परिचालित हुँदैनौं भन्दा संकटकाल लगाउने पनि उनी नै हुन्। सेनाले भनेपछि संसद भंग गराउने उनी नै हुन्।

स्थानीय तहको म्याद नथप्ने पनि उनी नै हुन्। हुन त एमालेसँग काम गर्नुपर्छ भन्ने निर्णय सुशील कोइरालाको थियो। उनको पनि म प्रशंसक होइन। तर त्यसलाई निरन्तरता दिए। एमालेसँग जानु भनेको त कांग्रेसको स्वत्वलाई एमालेमा समर्पण गर्नु थियो। त्यसैले उनलाई सायद इतिहासले एउटा महत्वाकांक्षी पात्रको रूपमा सम्झनेछ जसलाई समयले साथ दियो तर उनमा पार्टी बनाउने वा देशलाई नेतृत्व दिने क्षमताको नितान्त अभाव थियो। अनलाइनखबरबाट

# सर्वोच्चमा धमाधम दर्ता हुन थाले अध्ययनमा रहेका संसद विघटन र सरकार गठनविरूद्धका रिट

काठमाडौं, ३० असोज। सर्वोच्च अदालतले संसद विघटन र सरकार गठन असंवैधानिक भएको भन्दै पेस भएका १० वटामध्ये ९ वटा रिटलाई दर्ता गर्न थालेको छ। बुधबार अध्ययन गरी ९ वटा रिट दर्ता भइरहेको सर्वोच्च अदालतका प्रवक्ता तथा सहरजिस्ट्रार अर्जुनप्रसाद कोइरालाले जानकारी दिए। मंगलबार आधिकारिक रूपमा रिट तथा मुद्दा दर्ताको प्रक्रिया खुला गरेसँगै १० वटा रिट पेस भएका थिए। त्यसमध्ये एउटा रिटको प्रक्रियामा अल्झिएको उनले बताए। यी सबै मुद्दाको पेसी कात्तिक १२ गतेका लागि तोकिएको छ।

‘९ वटा रिट दर्ता भइरहेका छन्। संवैधानिक इजलास बुधबार मात्रै बस्ने भएकाले कात्तिकको १२ गतेका लागि तोकिएको हो,’ उनले भने। भदौ २४ गते सर्वोच्च अदालतमा आगजनी भएयता रिट दर्ताको प्रक्रिया अघि बढाएको थिएन। सुरूआती केही दिनमै बन्दी प्रत्यक्षीकरणको रिट दर्ता र सुनुवाइ गरे पनि व्यवस्थापन नहुँदा अन्य रिटको सुनुवाइ हुनसकेको थिएन। सर्वोच्च अदालतको फूलकोर्टले मंगलबारदेखि रिट दर्ता गर्न दिने निर्णय गरेसँगै पहिलो दिन नै १० वटा रिट परेका हुन्।

**संसद विघटनविरूद्ध परेका रिटमा यस्ता छन् वकिलका तर्क**

अधिवक्ताहरू डा.प्रेमराज सिलवाल, युवराज सफल भनिने युवराज पौडेल, कर्तिनाथ शर्मा पौडेल, विपना शर्मा र आयुष बडाल लगायतले रिट निवेदन पेस गरेका छन्। मकबुल मिया, अधिवक्ता खडकबहादुर शाह लगायतले पनि रिट निवेदन दिएका छन्। उनीहरू सबैको प्रमुख तर्क नै संविधान विपरीत संसद विघटन भएको र असंवैधानिक तरिकाले सरकार गठन भएको रहेको छ। अधिवक्ता प्रेमराजले पनि संविधानमा भएको प्रावधान विपरीत संसद विघटन भएको बताए। ‘संविधानको आधारभूत प्रावधानलाई नाघेर त्यसविरूद्ध राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट भएको छ। सडकको आवाजको नाममा संसद विघटन गर्ने काम भयो,’ उनले भने।

उनले अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्की नियुक्ति नै पनि संविधान विपरीत भएको बताएका छन्। ‘प्रधानन्यायाधीश भइसकेको व्यक्तिलाई संविधानले अरू पदमा बस्न योग्य ठान्दैन। शक्ति पृथकीकरणको सिद्धान्तलाई चुनौती दिन्छ। संविधानकै मर्ममा धक्का दिन्छ। राष्ट्रपतिले गरेको नियुक्ति असंवैधानिक छ। संसद पुनर्स्थापना हुनुपर्छ,’ उनले भने, ‘पुनर्स्थापित संसदबाटै जसको अवधि र वैधता छ। त्यसलाई सडकको भीड, आगजनी, तोडफोड, हिंसाले काट्न सक्दैन। त्यसरी काट्न सक्ने भयो भने फेरि ६ महिनापछि आउने अर्को भीड, समूह अनेकले आगजनी लगायतका कामबाट सरकार परिवर्तन गर्दै जाने हो त? त्यसकारण यो गर्न हुँदैन भन्ने हो।’

त्यस्तै यही मुद्दामा राष्ट्रपति, प्रधानमन्त्री, लगायतलाई विपक्षी बनाएर युवराज सफल भनिने युवराज पौडेलले पनि रिट पेस गरेका छन्। उनले भने भदौ २३ गते जेनजीले गरेको आन्दोलन केबल भ्रष्टाचार अन्त्य र सुशासनको प्रत्याभूतिका लागि भएको रिटमा उल्लेख गरेका छन्। केपी शर्मा ओलीको सरकारले राजीनामा दिएपछि संवैधानिक बाटोबाटै सरकार गठनको प्रक्रियामा अघि बढ्नुपर्ने तर असंवैधानिक तवरले सरकार निर्माण गर्ने र प्रतिनिधि सभा विघटन गर्ने काम भएको उनले बताएका छन्। उनले प्रधानमन्त्री सुशीला कार्कीको नियुक्तिलाई असंवैधानिक घोषणा गर्न माग गरेका छन्।

‘संविधानको धारा ७६ भन्दा अन्य कुनै पनि प्रक्रियाबाट सरकार बन्न वा प्रधानमन्त्री नियुक्त हुन सक्ने व्यवस्था छैन। तसर्थ सुशीला कार्कीलाई राष्ट्रपतिले भदौ २७ मा संविधानको कुन धारा अन्तर्गत प्रधानमन्त्रीमा नियुक्त गरिएको हो भन्ने समेत उल्लेख गर्न नसकी प्रधानमन्त्रीमा गरिएको नियक्ति असंवैधानिक छ। सुशीला कार्कीको नियुक्तिलाई असंवैधानिक घोषणा गरी पाऊँ,’ उनले रिटमा माग गरेका छन्। संविधानकै धारा १३२ (२) ले प्रधानन्यायाधीश र सर्वोच्च अदालतका न्यायाधीशहरू कुनै पनि सरकारी पदमा नियुक्ति हुन ग्राह्य नहुने व्यवस्थालाई पनि उनले उदृत गरेका छन्।

त्यसअनुसार सुशीला कार्कीमात्रै नभई कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अनिल सिन्हाको नियुक्ति समेत संविधान विपरीत रहेको दाबी छ। उनले यतिमात्रै नभई भदौ २३ गते भएको घटनामा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, प्रहरी प्रमुख र काठमाडौंका प्रमुख जिल्ला अधिकारीमाथि फौजदारी अपराध अनुसन्धान गर्न भनेर परमादेशको आदेश समेत माग गरेका छन्।

गृह मन्त्रालयबाट फौजदारी अनुसन्धान रोक्ने भन्ने खालका पत्रलाई समेत बदर गर्न उनको माग छ। त्यस्तै रिट दायर गर्न जेनजी पुस्ताकै दुई जना विद्यार्थीहरू पनि पुगेका छन्। आयुष बडाल र विपना शर्मा काठमाडौं विश्वविद्यालय स्कुल अफ लमा बिबिएमएलबी अध्ययनरत छन्। उनीहरूले राष्ट्रपतिबाट संविधान र संघीय कानुन बमोजिम आफ्नो कार्यसम्पादन नभएको र संविधानको खुला एवं स्पष्ट उल्लंघन भएको उल्लेख गरेका छन्। ‘संविधानको धारा ६१ (१ र २) मा राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष हुने व्यवस्थाका साथै राष्ट्रपतिले संविधान र संघीय कानून बमोजिम आफ्नो कार्य सम्पादन गर्ने व्यवस्था छ। राष्ट्रपतिले नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन गर्नेछ अनि संविधानको पालना र संरक्षण गर्ने व्यवस्था पनि सोही धारामा छ,’ रिटमा भनिएको छ, ‘राष्ट्रपतिले आफ्नो काम, कर्तवय र क्षेत्राधिकारको विषय उल्लेख भएको धारा अनुसार प्रधानमन्त्री नियुक्ति गरेका हुन्, जुन आफैमा असंवैधानिक कार्य हो। यही धारामा भनिए बमोजिम नै हेर्ने हो भने पनि राष्ट्रपतिबाट संविधान र संघीय कानून बमोजिम आफ्नो कार्य सम्पादन भएको पाइएन।’

उनीहरूले यस सरकार गठन र संसद विघटनको विषयलाई आवश्यकताको सिद्धान्तसँग जोडेको भन्दै यसका पनि सीमा हुने उल्लेख गरेका छन्। ‘संकट वा असाधारण परिस्थिति वास्तविकता प्रमाणित हुनुपर्छ, कुनै वैधानिक विकल्प उपलब्ध नहुँदा मात्र यसलाई अपनाउन सकिन्छ, यसले संवैधानिक संरचना वा मौलिक अधिकारलाई स्थायी रूपमा खण्डित गर्नु हुँदैन,’ उनीहरूले रिटमा उल्लेख गरेका छन्। यस्तै सरकार बनाउने बाटो खुला रहँदा संविधान विपरीत जान नमिल्ने तर्क गरेका छन्। अधिवक्ता खडकबहादुर शाहले नेपालको संविधानले अन्तरिम सरकार तथा मन्त्रिपरिषदको कल्पना नै नगरेको बताए। ‘हाम्रो संविधानले अन्तरिम सरकार र मन्त्रिपरिषदको कल्पना गरेको छैन। पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा गठन भएको सरकार र मन्त्रिमण्डल असंवैधानिक छ। सुशीला कार्की र अनिलकुमार सिन्हा दुबैलाई संविधानले अरू सरकारी पदमा बस्न अयोग्य भनेको छ,’ उनले भने, ‘प्रधानन्यायाधीश र सर्वोच्च अदालतको न्यायाधीश भएको व्यक्ति मानव अधिकार आयोगको अध्यक्ष वा सदस्यबाहेक अन्य ठाउँमा बस्न मिल्दैन भनिएको छ।’ संविधानको संरक्षक रहेका पूर्वप्रधानन्यायाधीश र न्यायाधीशले नै संविधानको विधिव्यवस्थालाई बेवास्ता गरेको तर्क उनले गरेका छन्।


## श्री दलित आधारभूत विद्यालय मुक्सार-५

**गोलबजार न.पा.-१, सिरहा (नेपाल)**

**स्था.: २०६७**

**विज्ञापन सम्बन्धमा**

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाइ सिरहा को च.न. ३२५ मिति २०८२/०६/२९ को विज्ञापन अनुमति पत्र साथै यस विधालय को वि. व्य.स.को मिति २०८२/०६/३० गते को निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको प्रा.वि राहत दरबन्दि कोटा १ मा विज्ञापन प्रक्रिया बाट पदपूर्ति गर्नु पर्ने भएकोले योगयता पुगेका उमेदवारहरु बाट दरखास्त को लागि आव्हान गरिएको व्यहोरा अनुरोध छ।

**तपसिल :**

१. विज्ञापन नम्बर ०१/०८२/०८३
२. तहः प्रा.विः। राहत)
४. उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
५. नियुक्तिको किसिम : राहत करार
६. पद संख्याः १ (एक)
७. तलव स्केलः नेपाल सरकारको प्रचलित नियमअनुसार
८. शैक्षिक योग्यताः आई. वा सो सरह (अनुभवी र माथिल्लो योग्यतालाई विशेष प्राथमिकता।
९. निवेदन शुल्क रु.१०००। एक हजार मात्र
१०. परीक्षाको किसिमः लिखित र अन्तर्वार्ता (आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा पनि लिन सकिने छ।)
११. दरखास्त दिने मितिः २०८२/०६/३० गते देखि २०८२/०७/१३ कर्यालय समय भित्र
१२ सम्पर्क मिति : २०८२/०७/१४
१३. परीक्षा हुने मितिः सम्पर्क मितिमा जानकारी गराइनेछ।

**दरखास्तको साथमा पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

हस्तलिखित अनुरोध
नेपाली नागरिकताको प्रतिलिपि २ प्रति
शैक्षिक योग्यताका सबै प्रमाणपत्रको प्रतिलिपि २ प्रति
अध्यापन अनुमति पत्रको प्रतिलिपि २ प्रति
सम्पर्क नं. : ९८४२९६४५१७/९८१५७९०५२६

**प्रधानाध्यापक**


# जसपा नेपालको प्रदेश अधिवेशनमा प्रतिनिधि छनोटको विषयलाई लिएर विवाद

**कमलेश ठाकुर**

जनकपुरधाम, ३० असोज। जनता समाजवादी पार्टी (जसपा) नेपालको मधेश प्रदेश अधिवेशनमा विवाद उत्पन्न भएको छ। जनकपुरधाममा जारी प्रदेश अधिवेशनमा प्रतिनिधि छनोटको विषयलाई लिएर विवाद उत्पन्न भएको हो। अध्यक्ष पदका प्रत्यासी योगेन्द्रराय यादवले विधान विपरीत प्रतिनिधि छनोट र मनोनयन गरिएको हुनाले निर्वाचन बहिष्कार गर्ने घोषणा गरेका छन्। विधान विपरीतको ८० जना प्रतिनिधि राखिएको उनको आरोप छ। सर्लाहीको प्रतिनिधि छनोट र प्रदेशबाट मनोनयन गरिने पाँच प्रतिशत प्रतिनिधिमा वर्तमान प्रदेश अध्यक्ष बालकिशोरप्रसाद यादव पक्षले धांधली गरेको उनको गुनासो छ। बुधबार दिनभरि प्रतिनिधि विवादमा अल्झिएको थियो। तर, विवाद समाधान नभएपछि निर्वाचन कर्मकाण्डी रुपमा अगाडि बढाइएको उनले तर्क गरे।

सोही कारण आपत्ति जनाउँदै निर्वाचन बहिष्कार गरेको उनले बताए। चुनाव स्थगित गरी विवाद समाधान गरी छठपछि निर्वाचन प्रकृया अगाडि बढाउन उनले माग गरेका थिए। राय पक्षमा पूर्वमुख्यमन्त्री सरोजकुमार यादव, केन्द्रीय सदस्यहरु सञ्जय यादव, रामबाबुप्रसाद यादव, अनिरुद्धप्रसाद सिंह, जिल्ला अध्यक्षहरुमा सप्तरीका केदार यादव, धनुषाका पशुपति यादव, रौतहटका राजिव रञ्जन यादव, बाराका रमेश यादवसहितको सर्मथन छ।

यता, मधेश प्रदेशको पूर्वरुमन्त्री ज्ञानेन्द्रकुमार यादवले सर्वसहमतीबाट प्रदेश समिति चयन हुने गृहकार्य भइरहेको बताए। अध्यक्ष पदका प्रत्यासी तथा वर्तमान अध्यक्ष बालकिशोरप्रसाद यादवले भने अधिवेशनको विषयमा अहिले कुनै पनि प्रतिक्रिया नदिने बताए।

# छठ नजिकिएसँगै बाँसका भाँडाकुँडा बनाउने डोमजातिलाई भ्याइनभ्याइ



वर्षैभरि सुँगुर पालन गरी जीविकोपार्जन गर्ने डोम जातिलाई अहिले तराईवासीको महान् पर्व छठ नजिकिँदै जाँदा बाँसका भाँडाकुँडा बनाउ नभ्याइनभ्याई भएको जलेश्वर नगरपालिका-२ का रामजी डोमले बताए ।

जलेश्वर ३० असोज। तराई-मधेसका मिथिलाञ्चल क्षेत्रसहित महोत्तरीमा छठपर्वका लागि बाँसका भाँडा बनाउने डोम समुदायको अहिले व्यस्तता बढेको छ। वर्षैभरि सुँगुर पालन गरी जीविकोपार्जन गर्ने डोम जातिलाई अहिले तराईवासीको महान् पर्व छठ नजिकिँदै जाँदा बाँसका भाँडाकुँडा बनाउ नभ्याइनभ्याई भएको जलेश्वर नगरपालिका-२ का रामजी डोमले बताए। गाँस, बास र कपासको जोहो गर्न समस्या पर्ने यो समुदायलाई छठपर्वको तयारी सुरु हुनासाथ असोज र कात्तिकभरि बाँसका भाँडा बनाएर बिक्री गर्न भ्याइनभ्याई हुने एकडारा गाउँपालिका-२ का तेतर डोमले बताए। छठपर्वका लागि बाँस र बेतबाट छिटी, डालो, नाङ्लो, सुपली र टालु टपरी बनाउन यहाँका डोम समुदाय जुटेका उनको भनाइ छ ।

दैनिक हातमुख जोड्न समस्या हुने यहाँका डोम समुदायले असोज र कात्तिकमा विभिन्न परिकार पकाएर खाने गरेको मनरासिस्वा नगरपालिकाकी ६० वर्षीया दुखनी डोमिनले बताए। बाँसको चोया र कप्टेरोबाट छिटी, डालो, नाङ्लो बुन्दै गरेकी पिपरा गाउँपालिका-४ की ५० वर्षीया निरसी डोमिनले भने, 'छठपर्वको आगमनसँगै घरका बच्चादेखि बूढासम्मले काम पाएर बिहानदेखि बेलुकासम्म छिटी, डालो, नाङ्लो, सुपली र टालु टपरी बनाउनमा व्यस्त हुन्छौँ भने बजारमा बेच्दा मनग्य आम्दानी हुने भएकाले खुसी छौँ ।'

यही आम्दानीबाट असोज, कात्तिक र आगामी केही दिनसम्म खुसीका साथ जीवन काट्न सकिने उनको भनाइ छ। मिथिलामा छठपर्व मनाउने प्रत्येक तराईवासीले छठमाता तथा सूर्यदेवलाई बाँस र बेतबाट बनाइएका छिटी, डालो, नाङ्लो, सुपली र टालु टपरीमा अर्घ दिनुपर्ने प्रचलन भएकाले प्रत्येक परिवारमा पाँच-सातवटा बाँसका भाँडा आवश्यक पर्दछ। सोही कारणले डोमको व्यवसायले गति पाउनुका साथै आम्दानीमा बढोत्तरी हुने गरेको गौशाला नगरपालिकाकी सुनिता डोमिनले बताए ।

छठपर्वको आगमनसँगै डोमका घरआँगनमा पनि छठमाता र सूर्यदेवको प्रत्यक्ष उपस्थिति रहने गरेको जनविश्वास रहेको बताउँदै महोत्तरी गाउँपालिकाका ७० वर्षीय रामबाबु डोमले आफूहरू सोही कारण दिनरात बर्तालुहरूका निम्ति बाँसका भाँडा बनाउने गरेको सुनाए। महोत्तरीको जिल्ला सदरमुकाम जलेश्वरका प्रदीप डोमले छिटी, डालो, नाङ्लो, सुपली र टालु टपरी बेचेर असोज तथा कात्तिकभरिमा वर्षभरिकै सबै कर्जाहरू चुक्ता गरेर आउने पाँच-छ महिनाको खर्चपर्चको जोहो गर्न कमाइ हुने गरेको बताए।

औरही नगरपालिकाका बेचन डोमले घरका बालकदेखि वृद्धासम्मले यो समयमा छिटी, डालो नाङ्लो, सुपली र बाँसका अन्य भाँडाकुँडा बेचेर प्रतिपरिवारले रु एक लाखदेखि रु एक लाख ५० हजारसम्म आम्दानी गर्ने जानकारी दिए। अहिले जिल्लाका गाउँगाउँमा डोम जातिका प्रत्येक घरमा बाँस र बेतको थुप्रो राखिएका छन् भने मिथिलाको अन्य जिल्लाका डोम समुदाय पनि बाँस र बेतका भाँडाकुँडा बनाउन व्यस्त रहेका डोमअगुवा बिरजु डोमले बताए। दिनदिनै छठपर्व मनाउने व्यक्तिको संख्यामा वृद्धि हुँदै जाँदा प्रत्येक व्यक्तिलाई बाँसको भाँडाकुँडा पुऱ्याउन सास्ती हुने गरेको भन्दै ती सामग्री बनाउन र मागअनुसार उपलब्ध गराउन भ्याइनभ्याई भएको उनको भनाइ छ।

# मधेश प्रदेशका मुख्यमन्त्री सोनल र २ जना मन्त्रीको शपथ



काठमाडौं, ३० असोज। मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनल र दुई जना मन्त्रीले शपथ लिनुभएको छ। प्रदेश प्रमुखको कार्यालयमा आज आयोजित एक समारोहका बीच मुख्यमन्त्री सोनलले प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीबाट शपथ लिनुभएको हो। यस्तै त्यही कार्यक्रममा मधेश प्रदेशका नवनियुक्त दुई जना मन्त्रीले पनि पद तथा गोपनीयताको शपथ लिनुभएको छ। जनमत पार्टीका संसदीय दलका नेता महेशप्रसाद यादव र नेकपा (एकीकृत समाजवादी) पार्टीका प्रमुख सचेतक कनिष पटेलले विनाविभागीय मन्त्रीका रूपमा पद तथा गोपनीयताको शपथ लिनुभएको हो। उहाँहरूलाई मुख्यमन्त्री सोनलको उपस्थितिमा प्रदेश प्रमुख भण्डारीले पद तथा गोपनीयताको शपथ गराउनुभयो।

सोनल हिजो बेलुका ५ दलको ५६ जना प्रदेशसभा सदस्यको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो। यस्तै सोनलको सिफारिशमा आज दुई जना मन्त्री नियुक्त हुनुभएको हो। लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको नेतृत्वमा गठन भएको नयाँ सरकारमा जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, नेकपा (माओवादी केन्द्र) र एकीकृत समाजवादी सहभागी रहेका छन्।

# मधेश प्रदेशसभा सदस्य सरोजकुमार सिंहसहित १६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाण्डौ, ३० असोज। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मधेश प्रदेशसभा सदस्य सरोजकुमार सिंहसहित १६ जनाविरुद्ध आज विशेष अदालतमा मुद्दा दर्ता गरेको छ। महोत्तरी क्षेत्र नम्बर ४ (ख) बाट निर्वाचित प्रदेशसभा सदस्य सिंहलाई मुद्दा दर्ता गर्नुअघि अख्तियारको टोलीले पक्राउ पनि गरेको छ। भ्रष्टाचारको मुद्दा लाग्नेहरूमा सिंहसहित रमेश मडर, अमलेश कुमारी, दीपाराज देवी राजपुत, भिखारी राउत कुर्मी, भूपेन्द्रकुमार झा, मञ्जुदेवी पासमान, रामनाथ सहनी, स्वीकृति देवी, रामशरण खत्वे, बिभादेवी खत्वे, शम्भुकुमार मण्डल, योगेन्द्र महतो, सुनयना कुमारी, यमुनाप्रसाद महतो र कौशिल्या देवी रहेका छन्।

अख्तियारका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार प्रदेशसभा सदस्य सिंहले सांसद विकास कोषको रकमबाट आयोजना अनुसार १२ देखि ४० प्रतिशतसम्म कमिसन आफ्नो खातामा हालेको पाइएको छ। सिंहले विभिन्न उपभोक्ता समितिहरूको खातामा जम्मा भएको कुल रकम १ करोड ३६ लाख २७ हजार ४ सय ८१ रुपैयाँमध्ये ३८ लाख ५० हजार ३ सय १९ रुपैयाँ घुस स्वरूप लिएर आफ्नो र श्रीमतीको संयुक्त खातामा राखेको पुष्टि भएको छ। यस्तै केही रकम सिंहका स्वकीय सचिव विनोदकुमार लाल कायस्थको खातामा हालेको पाइएको छ। आयोगले बिगो र कानून अनुसार थप सजायको माग गरेको छ।












मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)